मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८

मेचीनगर नगरपालिका

मेचीनगर नगरपालिकाको राजपत्र

खण्ड ४ सङ्ख्या : ४ २७ असार २०७८

भाग १

ऐनको नाम : मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८

नगर सभाबाट स्वीकृत मिति २०७८ असार २५

प्रमाणीकरण मिति २०७८ पुस २१

प्रस्तावनाः मेचीनगर नगरपालिकाको नीति तथा सङ्घीय सरकार, प्रदेश सरकार र मेचीनगर नगरपालिकाको कानुनबाट नगर कार्यपालिकाको कार्यालयबाट नगरवासीहरुमा प्रवाह हुने सार्वजनिक सेवा तथा सुविधा कार्यान्वयन गरिने मूल संयन्त्र कार्यालयको कर्मचारी प्रशासन भएको सन्दर्भमा, सो संयन्त्रबाट प्रशासन तथा विकासका कार्यलाई पारदर्शी, तथा निश्पक्ष ढङ्गबाट नागरिक माझ पुर्याउन नगरपालिकाको कर्मचारी प्रशासनलाई सेवग्राही मैत्री, प्रभावकारी तथा जवाफदेही बनाउने उद्धेश्यले नेपालको संविधानको अनुसार मेचीनगर नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ८६ को प्रयोजनको लागि ऐ. ऐनको दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो **मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८** स्वीकृत गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले मेचीनगर नगरपालिका सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मेचीनगर नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "वडा समिति" भन्नाले मेचीनगर नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले मेचीनगर नगर कार्य पालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "उप प्रमुख" भन्नाले मेचीनगर नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले मेचीनगर नगरपालिकाका वडाहरुको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेचीनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "सदस्य" भन्नाले मेचीनगर नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिका प्रमुख, उप प्रमुख

तथा वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(झ) "सभा" भन्नाले मेचीनगर नगर सभालाई सम्झनुपर्छ ।

(ञ) "कर्मचारी" भन्नाले मेचीनगर नगरपालिकामा कार्यरत सङ्घीय तथा प्रदेश सरकारबाट मेचीनगर नगरपालिकामा खटी आएको र नगरपालिकामा जुनसुकै तवरले कार्यरत स्थायी, अस्थायी, सेवा करार (करार सेवा) सेवाका कर्मचारीलाई समेत सम्झनुपर्छ ।

(ट) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले स्थानीय तहहरुले सङ्घीय सरकार वा प्रदेश सरकार समक्ष सम्पर्क गर्न तोकिएको तत्ततहरुको मन्त्रालय सम्झनु पर्दछ ।

परिच्छेद - २

<u>प्रशासनिक सङ्गठन र कर्मचारी व्यवस्थापन</u>

३. कार्यालय : मेचीनगर नगरपालिकाको कार्यालय तथा वडाहरुको कार्यालय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ बमोजिम हुनेछ ।

४. कार्यालयको छापः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८२ बमोजिम हुनेछ ।

५. प्रशासनिक सङ्गठन, कर्मचारी दरबन्दीः मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मेचीनगरको प्रशासनिक सङ्गठन र कर्मचारी दरबन्दी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा १ देखि १० अन्तर्गतको व्यवस्था बमोजिम हुनेछ ।

परिच्छेद-३

पदपूर्ति सम्वन्धि व्यवस्था

६. पदको किसिमः

(१) नगरपालिकामा देहायका पदहरु रहनेछन्ः

(क) अधिकृत स्तरका पद,

(ख) सहायक स्तरका पद ।

(२) उपदफा (१) मा उल्लेख भएका पदहरुको तह देहाय बमोजिम हुनेछ :

(क) अधिकृत स्तर :

(१) प्रमुख प्रशासकीय अधिकृत, रा. प. द्वीतीय श्रेणी (प्रशासन सेवा, सामान्य प्रशासन समूह)

(२) अधिकृत स्तर, दशौँ तह

(३) अधिकृत नवौँ तह

(४) अधिकृतआठौँ तह

(५) अधिकृत सातौँ तह

(६) अधिकृत छैठौँ तह

(ख) सहायकस्तर :

(१) सहायक स्तर पाँचौ तह

(२) सहायक स्तर चौथो तह

(३) सहायक स्तर तेस्रो तह

(४) सहायक स्तर दोस्रो तह

(५) श्रेणीविहीन

७. प्रमुख प्रशासकीय अधिकृत समबन्धी व्यवस्थाः

(१) प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति प्रचलित कानून बमोजिम हुनेछ ।

(२) दफा ७ को उपदफा (१) अनुसार छुट्टै कानुन बनी कार्यान्वयन नभएसम्म प्रमुख प्रशासकीय अधिकृत सम्बन्धि व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम हुनेछ र सोहि दफामा उल्लेखित काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार हुनेछ ।

८. पद मिलान र श्रेणी विहिन कर्मचारी सम्बन्धी व्यवस्था : दफा ६ को उपदफा (२) मा उल्लेखित पद तथा तहका अतिरिक्त यो ऐन प्रारम्भ हुँदाका बखत नगरपालिकामा कायम रहेका पदहरु यसै ऐन बमोजिम रहेको मानी सोही बमोजिम तह मिलान गरिनेछ । अब उप्रान्त सहायकस्तर पहिलो तह रहने छैन र हाल कार्यरत स्थायी कर्मचारीले अवकाश लिई पद रिक्त भएमा उक्त पद स्वतः खारेज हुनेछ । यस्ता पदहरुमा सेवा करारबाट कर्मचारी व्यवस्थापन गरिनेछ ।

९. पद नाम : दफा ६ को उपदफा (१) र (२) मा उल्लेखित पदका सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्दा पदको नाम समेत उल्लेख गर्नुपर्नेछ ।

१०. पदपूर्तिः

(१) नगरपालिकाको रिक्त रहेको स्थायी दरवन्दीको पदमा नयाँ स्थायी नियुक्ति प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय सरकार संचालन ऐन, २०७४ लागू हुनु भन्दा एक बर्ष वा सो भन्दा बढी अवधि देखि अविछिन्न अस्थायी, करारमा काम गरिरहेका जुनसुकै तहमा कार्यरत

भएता पनि त्यस्ता कर्मचारीहरुका हकमा प्रचलित कानुनी व्यवस्था बमोजिम स्थायी पदपूर्ति गरिनेछ । त्यस्ता कर्मचारीहरुलाई एक पटकका लागि उमेरको हद लाग्ने लाग्ने छैन ।

(३) प्रमुखलाई एक जना सहायक पाँचौ तह र एक जना कार्यालय सहायक तथा उप प्रमुखलाई १ जना सहायक चौथो तहको कर्मचारी सचिवालय व्यवस्थापन सुविधा उपलब्ध गराइनेछ ।

(४) उपदफा (३) बमोजिमका कर्मचारीहरु सम्बन्धित प्रमुख र उप प्रमुखले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (३) बमोजिमका कर्मचारीहरु सामान्यतया प्रमुख र उप प्रमुखको पदावधिसंगै निज पदावधि समाप्त हुनेछ । पदावधि समाप्त हुनु अगावै प्रमुख र उपप्रमुखको निर्देशनमा निजहरु पदमुक्त हुन सक्नेछन् ।

(६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि श्रेणीविहिन पदमा यो ऐन र प्राविधिक सेवाका पदहरुमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि अनुसार सेवा करारमा व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

११. प्रतिशत निर्धारण : वढुवाद्वारा पदपूर्ति गर्ने प्रयोजनका लागि प्रतिशत निर्धारण गर्दा नगरपालिकामा समान तहमा जम्मा रिक्त पद संख्याको आधारमा प्रतिशत निर्धारण गर्नु पर्नेछ ।

१२. तह समायोजन :

(१) साविक स्थानीय निकाय (नगरपालिका, गाउँ विकास समिति) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम मेचीनगर नगरपालिकामा

समायोजन पुर्व कै साबिक तहमा नै समायोजन भएका र हाल कार्यरत तहका लागी चाहिने न्यूनतम शैक्षिक योग्यता भएका कर्मचारीहरुको एक पटकका लागि एक तह वृद्धि गरी समायोजन गरिने छ । यसरी समायोजन भएको तहको दरबन्दी स्वत: सृजना भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि नहुने कर्मचारीहरुको हकमा थप दुइ ग्रेड वृद्धि गरिनेछ ।

३) प्राबिधिक कर्मचारीको हकमा २०५७ भन्दा पहिला सेवा अवधि गणना भएका प्राविधिक कर्मचारीहरुलाई दुई ग्रेड वृद्धि गरिनेछ ।

१३. तह समायोजन बिधि :

१. यो ऐन पारित भई प्रमाणीकरण भए पश्चात तह समायोजनका लागि कार्यालयको सूचना पाटीमा ७ दिने सूचना टाँस गरी संम्बन्धित कर्मचारीबाट आवेदन दरखास्त माग गरिनेछ ।

२. सूचना वमोजिम प्राप्त हुन आएका आवेदन दरखास्त उपर छानविन गरी दावी बिरोधका लागि ७ (सात) दिने सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

३. दफा १३ को उपदफा (१) वमोजिम प्राप्त आवेदन दरखास्त माथी छानविन र तह वृद्धिको सिफारिस गर्न देहाय अनुसारको एक समिति रहने छ ।

१. संयोजक : प्रमुख प्रशासकीय अधिकृत

२. सदस्य : प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी

३. सदस्य सचिव : प्रमुख, प्रशासन शाखा वा

४. उपदफा (१) र (२) बमोजिम तह वृद्धिका लागि उपदफा ३ बमोजिमको समितिको सिफारिस अनुसार ७ (सात) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गरी तह समायोजनको पत्र दिनु पर्नेछ ।

१४. तह समायोजन भएकाको जेष्ठता निर्धारणको आधार :

क. दफा १२ को उपदफा (१) बमोजिम तह वृद्धि भएका कर्मचारीहरुको जेष्ठता कायम गर्दा अघिल्लो तहमा नियुक्ति वा बढुवा पाउदा कायम भएको जेष्ठतालाई नै कायम गरिनेछ ।

१५. उम्मेद्वार हुनका लागि अयोग्यताः देहायका व्यक्तिहरु मेचीनगर नगरपालिकाको कर्मचारी पदमा उम्मेद्वार हुन सक्ने छैनन्ः

(क) गैर नेपाली नागरिक,

(ख) सहायक स्तरको पदको लागि अठार वर्ष उमेर पूरा नभएको,

(ग) अधिकृत स्तरको पदका लागि एक्काईस वर्ष उमेर पूरा नभएको,

(घ) पुरुष उम्मेद्वारको हकमा पैतीस वर्षमहिलार उम्मेद्वारको हकमा चालीस वर्ष उमेर पूरा भइसकेको,

तर, भुतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनि तोकिएको पद वा प्राविधि पचास वर्ष उमेर ननाघेको व्यक्ति उम्मेद्वार हुन सक्नेछ । साथै सेवा करारका हकमा ५७ वर्ष पूरा नभएसम्म वाञ्छनीय हुनेछ ।

(ङ) नैतिक पतनदेखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको,

(च) वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको,

(छ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्व भएको संस्था वा विकास समितिको सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सरकारी सेवाबाट बर्खास्त भएको ।

१६. करारमा नियुक्ति गर्नेः

(१) तोकिएको वाञ्छनीय योग्यता भएको दफा १५ अनुसारको अयोग्यता नभएको व्यक्तिलाई नगरपालिकाले स्वीकृत दरबन्दीमा सेवा करारमा नियुक्ति गर्नुपर्दा स्थानीय सरकार सञ्चालन २०७४ को दफा ८३ को उपदफा (८) र (९) वा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि बमोजिम मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्त नगरपालिकाले तोके बमोजिम हुनेछ । तर, मासिक दश हजार वा सोभन्दा कम रुपैयाँ पारिश्रमिक भएको पदमा प्रमुख प्रशासकीय अधिकृतले वार्ताद्वारा खास तोकिएको कामका लागि आंशिक करार गराई कामकाज लगाउन बाधा पर्ने छ

१७. पदाधिकार : एउटा कर्मचारीको पदाधिकार रहेको पदमा अर्को कर्मचारीलाई स्थायी नियुक्ति दिनु हुदैन । तर, एक वर्षभन्दा बढी आफ्नो पदाधिकार रहेको पद रिक्त राखी विदा वा काजमा रहेको अवस्थामा त्यस्तो कर्मचारीले गरी आएको काममा बाधा उत्पन्न हुने भएमा बढीमा एक वर्षका लागि विशेष पद सृजना गरी सेवा करार वा करार सेवामा नियुक्त गर्न बाधा पर्ने छैन ।

१८. परीक्षणकाल :

(१) कुनै पनि पदमा नयाँ नियुक्ति पाएको कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखि तर, महिला र अपाङ्ग कर्मचारीको हकमा भने त्यस्तो परीक्षणकालको अवधि छ महिना मात्र हुनेछ ।

(२) परीक्षणकालमा रहेको कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले परीक्षणकाल समाप्त हुनु अगावै हटाउन सक्नेछ ।

१९. निरोगिताको प्रमाणपत्र : नयाँ नियुक्ति पाउने कर्मचारीले नियुक्तिपत्र पाउनु पूर्व स्वीकृत चिकित्सकद्वारा परीक्षण गराई तोकिएको ढाँचामा निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

२०. शपथ ग्रहण : नयाँ स्थायी नियुक्ति पाउने कर्मचारीले तोकिएबमोजिमको ढाँचामा नगरपालिकाको प्रशासकीय अधिकृत समक्ष सपथ ग्रहण गर्नुपर्नेछ ।

परिच्छेद-४

सरुवा बढुवा

२१. सरुवा गर्न सकिने :

(१) कुनै स्थानीय तहको कर्मचारीलाई एउटा स्थानीय तहबाट अर्को स्थानीय तहको समान पदमा सरुवा गर्नुपर्दा सम्बन्धित कर्मचारी र सम्बन्धित स्थानीय तहको सहमतिमा प्रदेशभित्र सम्बन्धित प्रदेश मन्त्रालय वा विभाग र नेपालभरि सम्बन्धित सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयले सरुवा गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र प्रमुख प्रशासकीय अधिकृतले नगर कार्यपालिकाको कर्मचारीलाई सरुवा गर्न सक्नेछ ।

२२. बढुवाः

(१) अधिकृत स्तर सातौ वा सो भन्दा माथीको रिक्त पदमध्ये पचहत्तर प्रतिशत पदमा कार्यक्षमताको मूल्याङ्कनको आधारमा र पच्चीस प्रतिशत पदमा आन्तरिक प्रतियोगातात्मक परीक्षाद्वारा त्यस्तो रिक्त पदभन्दा एक तह मुनिको पदमा कार्यरत कर्मचारी मध्येबाट बढुवा गरिनेछ ।

(२) अधिकृत स्तर छैटौं तहको रिक्त रहेको मध्ये पचास प्रतिशत पदमा सहायक स्तर पाँचौं तहबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरि पूर्ति गरिनेछ ।

(३) सहायक स्तरको रिक्त पद मध्ये सहायक स्तर दोश्रो तह बाहेकका पदमा पचास प्रतिशत पदमा कार्य क्षमताको मूल्याङ्कनको आधारमा त्यस्तो रिक्त पद भन्दा एक तह मुनिका कर्मचारीमध्येबाट बढुवाद्वारा पूर्ति गरिनेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारी बढुवा सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

२३. बढुवाको लागि आवश्यक सेवा अवधि : अधिकृत स्तरको पदमा बढुवाको लागि एक तहको मुनिको पद कम्तिमा पाँच वर्ष र अन्य पदका लागि एक तह मुनिको पदमा कम्तीमा चार वर्ष सेवा अवधि पुगेको कर्मचारी हुनुपर्नेछ ।

२४. बढुवाको आधारः

(१) स्थानीय तहका कर्मचारीलाई बढुवा गर्दा कार्यक्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीलाई सवैभन्दा पहिले बढुवा गरिनेछ ।

(२) कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीको हकमा निजको हालका नियुक्तिको

सिफारिसलाई आधार मानिनेछ ।

(३) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका कुराहरुलाई आधार मानिनेछ :

(क) नोकरीको जेष्ठता

(ख) शैक्षिक योग्यता

(ग) कार्यसम्पादन मूल्याङ्कन

(घ) तालिम

(४) जेष्ठताको अङ्क गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्क दरले बढीमा तीस अङ्क प्रदान गरिनेछ । त्यसरी अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहिका हिसावले अङ्क दिइनेछ ।

(५) शैक्षिक योग्यता वापत बढीमा पन्ध्र अङ्क दिईनेछ र त्यस्तो योग्यता वापतको अङ्क गणना देहाय बमोजिम गरिनेछ ।

(क) हाल वहाल रहेको पदलाई आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापत प्रथम र द्वितीय श्रेणीको लागि क्रमशः दश र आठ अङ्क ,

(ख) आवश्यक न्यूनतम योग्यताभन्दा माथिल्लो सम्बन्धित एउटा उपाधिलाई प्रथम र द्वितीय श्रेणीको लागि क्रमशः पाँच र चार अङ्क ।

(६) कार्यसम्पादन वापत तोकिएको ढाँचा बमोजिम कार्यसम्पादन मूल्याङ्कन फारममा उल्लेख भएअनुसार कार्यसम्पादन मूल्याङ्कन गरी बढीमा पचास अङ्क दिइनेछ ।

(७) तालिम वापत प्रथम र द्वितीय श्रेणीको लागि क्रमशः पाँच र चार अङ्क दिइनेछ ।

२५. पुनरावेदनः बढुवामा चित्त नबुझ्ने कर्मचारीले बढुवाको नामावली प्रकाशन भएको मितिले पैतीस दिन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदन उपरको कारवाही सामान्यतया तीन महिनाभित्र टुङ्गयाउनु पर्नेछ र पुनरावेदन सुन्ने निकाय कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२६. बढुवा समितिः ऐनको दफा १९ बमोजिम नगरपालिकामा कार्यरत स्थायी कर्मचारीको बढुवा गर्ने देहाय बमोजिमको बढुवा समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) लोक सेवा आयोगको स्थानीय कार्यालयको एक जना प्रतिनिधि - सदस्य

(ग) प्रमुख, प्रशासन शाखा - सदस्य सचिव

परिच्छेद-५

सजाय र पुनरावेदन

२७. सजाय : उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) समान्य सजाय :

(१) नसिहत दिने ।

(२) बढीमा दुई वर्ष तलब बृद्धि रोक्का गर्ने ।

(३) बढीमा पाँच वर्षसम्म तलब बृद्धि वा बढुवा वा दुबै रोक्का गर्ने ।

(ख) विशेष सजायः

(१) दमकल वा नगर प्रहरी सेवाको हकमा साविक पदबाट एक तह घटुवा गर्ने ।

(२) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ,

(३) भविष्यमा नगरपालिका सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने ।

२८. नसिहत दिने वा तलब बृद्धि वा बढुवा रोक्नः देहायको कुनै अवस्थामा कर्मचारीलाई नसिहत दिन वा निजक तलब बृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ :

(क) काम सन्तोषजनक नभएमा ,

(ख) सरुवा गरिएको कार्यालयमा म्यादभित्र हाजिर नभएमा,

(ग) पूर्व स्वीकृति नलिई बारबार (एक वर्षमा तीन पटक भन्दा बढी) कार्यालयमा अनुपस्थित रहेमा

(घ) अनुशासनहिन काम गरेमा,

(ङ) ऐनमा उल्लेखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा,

(च) कार्यालयमा बुझाउनु पर्ने जिन्सी नगद वा आफ्नो जिम्माको कागजात बरबुझरथ नगरेमा,

(छ) एक वर्षमा तीन पटक चेतावनी पाएमा ,

(ज) प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक सम्पादन नगरेमा ।

२९. घटुवा गर्ने, सेवाबाट हटाउने वा बर्खास्त गर्ने :

(१) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा नगरपालिक सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :

(क) कर्मचारीको अयोग्यताका कारणले आफ्नो पदको काम जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरणसम्बन्धी कुरा वरावर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहिन काम गरेमा,

(ङ) प्रत्यक्षरुपमा राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारी बराबर वेवास्ता गरेमा,

(छ) विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा

(२) देहायको कुनै अवस्थामा कुनै पनि कर्मचारीलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरीई सजाय तोकिएको अन्तिम किनारा भएमा,

(ख) भ्रष्टाचार गरेमा ।

३०. सजाय दिने अधिकारीः नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सामान्य सजाय दिन सक्नेछ । तर, विशेष सजाय भने नगर कार्यपालिकाले मात्र दिन सक्नेछ ।

३१. सजायसम्बन्धी कार्यविधिः सजाय दिने अधिकारीले कुनै कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई कारवाहि गर्न लागिएको कारणहरु उल्लेख गरी सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्ने छ । त्यस्तो सूचना दिँदा निजमाथि लागाइएको आरोप स्पष्टरुपले किटिएको हुनपर्नेछ र कुन कुन

कुरा र कारणमा आधारित छ, सो समेत खुलाई किटिएको सजायसमेत प्रस्ताव गरी निजसँग स्पष्टीकरण माग गर्नु पर्नेछ ।

३२. सजायका आदेश दिनुभन्दा पहिले सूचनाः दफा ३१ बमोजिम मागिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्पष्टीकरण नै पेश नगर्ने कर्मचारीलाई सजायको आदेश दिनुभन्दा पहिले सजाय दिने अधिकारीले निजलाइ प्रस्ताव गरिएको सजायको सूचना दिई प्रस्तावित सजाय किन नदिने ? भनि उचित म्याद दिई निजसँग स्पष्टीकरण माग्नु पर्नेछ ।

३३. निलम्बनको कारवाहिः

(१) नगरपालिकाको कुनै कर्मचारी माथि दफा २५ र २६ मा लेखिएको कुनै अभियोगको सम्बन्धमा जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो कर्मचारीलाई सजाय गर्ने अधिकारीले निलम्बन गर्न सक्नेछ । तर, देहायको अवस्था नभई साधारणतया निलम्बन गर्नु हुदैन :

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा झुट्टा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा वा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा नगरपालिकालाई हानी नोक्सानी हुने सम्भावाना देखिएमा ।

(२) कर्मचारीलाई सामान्य सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

(३) कर्मचारीलाई निलम्बन गर्दा साधारणतया तीन महिना भन्दा बढी निलम्बनमा राख्नु हुदैन । सो अवधिभित्र कर्मचारी उपरको छानविनको कारवाहि किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाहि किनारा लगाउन नसकिने भई निलम्बनको अवधि तीन महिनाभन्दा बढाउनु परेमा प्रमुखको पूर्व स्वीकृति लिई एक पटकमा एक महिनामा नबढाई थप अर्को तीन महिना निलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगरपालिकाको कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बन भएको मानिनेछ ।

(५) उप नियम (१) बमोजिम निलम्बनमा रहेको कर्मचारीले निलम्बन अवधिभर आफ्नो तलबको आधा रकम मात्र पाउनेछ ।

३४. निलम्बनको समाप्तिः

(१) मेचीनगर नगरपालिकाको कुनै निलम्बित कर्मचारी सामान्य सजाय भई वा नभइ आफ्नो पदमा स्थापित भएपछि वा नोकरीबाट हटाइए वा बर्खास्त गरिएपछि निजको निलम्बन समाप्त भएको मानिनेछ ।

(२) कुनै कर्मचारी निलम्बन भएकोमा निजलाई प्रस्तावित कुनै पनि सामान्य वा विशेष नभई सेवामा पुनः स्थापित भएमा मात्र निजले निलम्बन अवधिको बाँकी तलब भत्ता पाउनेछ ।

३५. पुनरावेदन सुन्ने अधिकारीः

१. दफा २८ बमोजिम सजाय गरेकोमा चित्त नबुझ्ने कर्मचारीले सजाय पाएको पैतीस दिनभित्र प्रमुख मार्फत कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ र दफा २९ बमोजिमको सजाय गरेकोमा चित्त नबुझ्ने कर्मचारीले सजाय पाएको पैतीस दिनभित्र अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२. पुनरावेदन सुन्ने अधिकारीले कुनै कर्मचारीले पाएको सजायलाई बदर वा सदर गर्न सक्नेछ ।

३. पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

३६. पुनरावेदनको कार्यविधि : कर्मचारीले आफूलाई दिएको सजायको विरुद्ध पुनरावेदन दिनु परेमा देहायको अपनाउनु पर्नेछ ।

(क) पुनरावेदन आफ्नै नामबाट गर्ने,

(ख) पुनरावेदनमा आफ्नो सफाईका निमित्त जो भएको सबुद प्रमाण राखी उचित र आदर सूचक भाषामा लेखिएको हुनुपर्ने,

(ग) जुन आदेशको बिरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पुरावेदनको साथमा राख्नु पर्ने,

(घ) सजायको आदेश पाएको पैतीस दिनभित्र पुनरावेदन गरिसक्नु पर्ने।

३७. पुनरावेदन पठाउनेः

(१) पुनरावेदन गर्दा सजाय गर्ने अधिकारी मार्फत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गरिएकोमा जुन अधिकारीको आदेश बिरुद्ध पुनरावेदन गरिएको हो,

त्यस्तो अधिकारीले पुनरावेदनमा उठाएका आधारका बारेमा आफ्नो राय तथा पुनरावेदनसँग सम्बन्धित आवश्यक कागजातसहित पुनरावेदन सुन्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

३८. नगरपालिकाको सेवामा पुनःकायम भएमा पूरै तलब र भत्ता पाउनेः

(१) कुनै कर्मचारीलाई नगरपालिकाको सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश पुनरावेदन सुन्ने अधिकारीबाट बदर भई त्यस्तो कर्मचारी नगरपालिकाको सेवामा पुनः कायम भएमा निजले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवा पुन: कायम भएको मितिसम्मको तलब भत्ता र तलबृद्धि पाउने भए सो समेत पाउनेछ ।

(२) यस ऐनको दफा २७ को खण्ड (ख) को (२) र (३) बमोजिमको विशेष सजाय पाएको कर्मचारीले सञ्चय कोषमा सञ्चय भएको रकम बाहेक आर्थिक कुनै सुविधा पाउने छैन ।

परिच्छेद- ६

विदा

३९. कर्मचारीको सबै समय नगरपालिकाको अधिन हुने : नगर कार्यपालिकाको कर्मचारीको समय सबै नगरपालिकाको अधिन हुनेछ र जुनसुकै समयमा पनि निजलाई कार्यालयको काममा लगाउन सकिने छ ।

४०. कार्यालय समय, समय पालन र हाजिरीः

(१) कर्मचारीले नगरपालिकाको कामकाजका निमित्त निर्धारित कार्यालय समयमा नियमितरुपले आफ्नो कार्यालयमा

हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा नआउने नगरपालिकाको कर्मचारीलाइ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गयल गर्न सक्नेछ ।

(३) मुनासिव माफिकको कारण परेमाा बाहेक विदाको पूर्व स्विकृती नलिई कुनैपनि कर्मचारी आफ्नो कार्यालयमा अनुपस्थित हुनुहुँदैन । यसरी अनुपस्थित हुने कर्मचारीले सात दिनभित्र विदाको निवेदन दिनु पर्नेछ ।

४१. भैपरी आउने र पर्व विदाः

(१) कर्मचारीले प्रत्येक वर्ष भैपरी आउने विदा छ दिन र पर्व विदा छ दिन पाउनेछ ।

(२) भैपरी आउने र पर्व विदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) भैपरी आउने र पर्व विदा आधा दिन पनि लिन पाइनेछ ।

(४) एक बर्षको भैपरी आउने र पर्व विदा सञ्चित गरी अर्को वर्षमा लिन पाइने छैन ।

(५) मौखिक अनुरोधको आधारमा पनि विदा दिने अधिकारीले भैपरी आउने विदा र पर्व बिदा स्वीकृति दिन सक्नेछ । तर, त्यसरी भैपरी आउने र पर्व विदाको स्वीकृति दिएकोमा विदा दिने अधिकारीले सोको अभिलेख राख्न लगाउनु पर्नेछ ।

४२. घर विदा :

(१) कर्मचारीले काम गरेको अवधिको बारह दिनको एक दिनको दरले घर विदा पाउनेछ । तर, हिउँद वा वर्षे विदा

लिन पाउने कर्मचारीले यस नियम बमोजिमको घर विदा पाउने छैन ।

(२) यस नियमको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र रहेको भैपरी, पर्व विदा, विरामी विदा, प्रसुती विदा, प्रसुती स्याहार विदा, किरिया विदा, सार्वजनिक विदालाई समेतलाई जनाउनेछ ।

(३) घर विदा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

(४) कर्मचारीले आफूले पकाएको घरविदा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ ।

(५) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर विदा वापत निजको पदाधिकार रहेको पदवाट खाई पाई आएको तलबको हुन आउने दरले रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(६) सञ्चित रहेको घर विदाको रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो संचित विदाको रकम इच्छाइएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ । तर त्यसरी इच्छाइएको व्यक्ति नभए सञ्चित विदा वापतको रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

(७) हिउँदे वा वर्षे विदा लिन पाउने कर्मचारीलाई त्यस्तो विदा नपाउने गरी काममा खटाईएमा, त्यस्तो काममा खटाईएका कर्मचारीलाई सो विदा वापत निजको पदाधिकार पदबाट खाईपाई आएको दरले हुन आउने रकम दिनु पर्नेछ ।

(८) घर विदा, अध्ययन विदा वा असाधारण विदामा बसेका कर्मचारीले सो अवधिभरको घर विदा पाउन छैन ।

४३. विरामी विदा :

(१) कर्मचारीले प्रत्येक वर्ष बाह्र दिन विरामी विदा पाउनेछ ।

(२) विरामी विदा बस्दा नगरपालिकाका कर्मचारीले पुरा तलब पाउनेछ ।

(३) अशक्त बिरामी भई सञ्चित बिरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की बिरामी विदा दिन सकिनेछ ।

(४) कर्मचारीले असाधारण विदा लिई बसेको अवधिभर बिरामी विदा पाउने छैन ।

(५) सात दिनभन्दा बढी अवधिको बिरामी विदाको माग गर्ने कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गर्नुपर्नेछ । तर, त्यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव थिएन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र विना नै उक्त विदा स्वीकृत गर्न सक्नेछ ।

(६) कर्मचारीले आफूले पकाएको बिरामी विदा सञ्चित गरी राख्न पाउनेछ ।

(७) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी विदा वापत निजको पदाधिकार रहेको पदबाट खाई पाई आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ ।

(८) सञ्चित रहेको बिरामी विदाको रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो संचित बिरामी विदाको रकम इच्छाइएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ । तर त्यसरी इच्छाइएको व्यक्ति नभए सञ्चित विदा वापतको

रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

(९) कुनै ठूलो वा कडा रोग लागि उपचार गर्न बिरामी विदा र घर विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी कर्मचारीले पछि पाउने बिरामी विदा, घर विदाबाट कट्टा हुनेगरी पैतालीस दिनसम्म थप बिरामी विदा पेश्कीको रुपमा लिन सक्नेछ । त्यसरी पेश्की बिरामी विदा लिई बसेको कर्मचारीले पूरा तलब पाउनेछ ।

(१०) उपदफा (९) बमोजिम लिएको विदाले नपुग भई थप विदा लिनुपरेमा प्रदेशस्तरीय अस्पतालको सिफरिसमा कर्मचारीले असाधारण विदा लिन सक्नेछ ।

(११) उपदफा (९) बमोजिम पेश्की बिरामी विदा लिने कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वत: मिनाहा हुनेछ ।

४४. प्रसुति विदाः

(१) महिला कर्मचारी गर्भवति भएमा निजले सुत्केरीको अघिपछि गरी नब्बेदिन प्रसुति विदा लिन पाउनेछ ।

(२) प्रसुति विदामा बस्ने महिला कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) प्रसुती विदाको अभिलेख सम्बन्धित नगरपालिकामा अद्यावधिक बनाई राख्नुपर्नेछ ।

४५. प्रसूति स्याहार विदाः

(१) कुनै पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन पाउनेछ ।

(२) प्रसूति स्याहार विदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) प्रसूति स्याहार विदा लिएको कर्मचारीले विदा लिएको मितिले तीन महिना भित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने कर्मचारीको त्यस्तो विदाको अवधि निजले पाउने अन्य विदाबाट कट्टा गरिनेछ ।

(५) प्रसूति स्याहार विदाको अभिलेख सम्बन्धित नगरपालिकामा अद्यावधिक गरी राख्नु पर्नेछ ।

४६. किरिया विदा :

(१) नगरपालिकाका कुनै कर्मचारी आफै किरिया बस्नु परेमा निजको निजको सँस्कृति अनुसार पन्ध्र दिनसम्म किरिया विदा पाउनेछ । महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा वा महिला कर्मचारी ससुरा वा सासु परलोक भई काज किरिया गर्नुपरेमा त्यस्तो महिला कर्मचारीले पन्ध्र दिनसम्म किरिया विदा पाउनेछ ।

(२) किरिया विदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ ।

४७. अध्ययन विदा :

(१) नगरपालिकाको सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा प्राप्त भएको छात्रवृति कार्यपालिकाको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय तह प्रतियोगितामा छानिई वा स्थानीय तहबाट मनोनयन भई अध्ययन गर्न जाने कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ ।

(२) कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटकपटक तीन वर्षसम्म अध्ययन विदा पाउने छ, । तर नगरपालिकाले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अध्ययनको निमित्त मनोनयन भई विदा लिई गएको कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधी हासिल गर्नको निमित्त अध्ययन विदा थप हुने छैन साथै असाधारण विदा समत दिइने छैन । तर, निज अध्ययन गर्न खटी गएको विश्वविद्यालयमा निजको व्याचमा निजले प्रथम स्थान सहित स्वर्णपदक हासिल गरी नगरपालिका र देशकै इज्जत र पहिचान उँचो हुने गरी सिकाइ उपलब्धि हासिल भएमा थप एक डिग्री हासिल गर्न अध्ययन विदा पाउनेछ ।

(४) अध्ययन विदा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ ।

(५) सम्बन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा कार्यपालिकाको स्वीकृति लिइ आफ्नो प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई उपदफा २ बमोजिम अध्ययन विदा दिन सकिनेछ । तर, यस्तो अध्ययन विदामा बस्ने कर्मचारीले तलब पाउने छैन ।

(६) पाँच वर्ष स्थायी सेवा अवधि नपुगी कुनैपनि कर्मचारीले अध्ययन विदा पाउन छैन ।

(७) कुनै आयोजना वा कार्यक्रमलाई कार्यान्वयन गर्नका निमित्त आवश्यक भएको तालिम प्राप्त लागि संघीय तथा प्रदेश सरकारले कुनै कर्मचारीलाई मनोनयन गरी खटाएमा

त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब दिइनेछ । तर यस प्रकारको काज तालिमको निमित्त मात्र हुनु पर्नेछ र कुनै पनि कर्मचारीलाई शैक्षिक उपधी हासिल गर्न पठाउँदा तालिम काज दिईने छैन ।

४८. असाधारण विदा :

(१) कर्मचारीले असाधारण विदा लिनुपर्ने भएको कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा कार्यपालिकाले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने कर्मचारीले सो अवधिभर तलब पाउने छैन । तर, दफा ४३ को उपदफा (१०) बमोजिम असाधारण विदामा बस्ने कर्मचारीले त्यस्ता विदामा बसेको अवधिको पूरा तलब पाउनेछ ।

(३) पाँच वर्ष नगरपालिकाको सेवा अवधि नपुगी कुनै पनि कर्मचारीले असाधारण विदा पाउने छैन। तर,

(क) दफा ४३ को उपदफा (१०) बमोजिम थप बिरामी विदा वापत असाधारण विदामा बस्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(ख) निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीले दुई वर्षको सेवा अवधि पूरा गरे पछी उपदफा (१) को अधिनमा रही एकै पटक वा पटकपटक गरी बढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ ।

(४) कुनै कर्मचारीले लिएको असाधारण विदाको अवधि

निजको सेवा अवधिमा गणना गरिने छैन ।

४९. अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने : कुनै कर्मचारीले विदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा र यसरी सेवा गर्न पठाउँदा नगरपालिकालाई समेत उपयोगी हुने पर्याप्त आधार रहेमा ऐनको दफा ४८ बमोजिम निजले पाउने असाधारण विदाबाट कट्टा हुने गरी पछि नगरपालिकाको सेवा गर्न फर्कि आउने कबुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानका लागि अनुमति दिन सक्नेछ ।

५०. विदा माग गर्ने अवधिः

(१) विदाको निकासाका निमित्त कर्मचारीले आफूलाई चाहिएको विदा अवधि, कारण र विदेश जानुपर्ने भएमा सो समेत खुलाई आफ्नो विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ । विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो कर्मचारीलाई दिनु पर्ने छ ।

(२) देहायका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघि मितिबाट समेत विदा स्वीकृत गर्न सक्नेछ :

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन भन्ने ,

(ख) पूर्व स्वीकृति प्राप्तिका लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने,

(३) अध्ययन विदाको लागि निवेदन दिँदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ :

(क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

(ख) अध्ययन गरीने विश्वविद्यालय, संस्था वा

प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको विवरण,

(ग) नगरपालिकालाई त्यस्तो विदाका सम्बन्धमा निर्णय गर्न सहायक हुने अन्य आवश्यक विवरण,

५१. विदा दिने अधिकारीः देहायको दावि स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

विदाको किसिम	विदा स्वीकृत गर्ने अधिकारी
(क) भैपरी आउने र पर्व विदा	प्रमुख प्रशासकीय अधिकृत
(ख) घर विदा	प्रमुख प्रशासकीय अधिकृत
(ग) बिरामी विदा	प्रमुख प्रशासकीय अधिकृत
(घ) प्रसुति विदा	प्रमुख प्रशासकीय अधिकृत
(ङ) प्रसुति स्याहार विदा	प्रमुख प्रशासकीय अधिकृत
(च) किरिया विदा	प्रमुख प्रशासकीय अधिकृत
(छ) अध्ययन विदा	नगर कार्यपालिका
(ज) असाधारण विदा	नगर कार्यपालिका

५२. विदा परिणत नहुनेः यस परिच्छेद बमोजिम कर्मचारीले विदा जुन लिई बसेको हो सोहि विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसुती विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन्।

५३. सार्वजनिक विदा गाभिने : भैपरी आउने र पविर्दा बाहेक अरु कुनै प्रकारको विदा लिई बसेको कर्मचारी सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदापछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ ।

५४. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहिः विदा नलिई कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल गरी तलब कट्टि गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

५५. विदाको अभिलेखः

(१) विदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने कर्मचारीको विदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

(२) कुनै कर्मचारी अन्य कार्यालयमा सरुवा भएमा सरुवा जनाउको साथै विदाको अभिलेखको उतार समेत नगरपालिकाले पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विदाको अभिलेखको एक प्रति उतार सम्बन्धित कर्मचारीलाई समेत दिनु पर्नेछ ।

५६. सट्टा विदा : अस्पताल, वारुण यन्त्र, खानेपानी, फोहरमैला व्यवस्थापन जस्ता सार्वजनिक विदाका दिनमा पनि काम गर्नु पर्ने कर्मचारीले सार्वजनिक विदाका दिन काम गरे वापत सट्टा तलबि विदा पाउनेछ र त्यस्तो विदा एक वर्षभित्रमा पालो मिलाई बस्नुपर्नेछ । तर, अन्य सुविधा लिएको रहेछ भने विदा पाउने छैन ।

५७. अतिरिक्त विदा :

(१) संघ र प्रदेश सरकारले तोकेको सार्वजनिक विदा कर्मचारीले पाउने छन् ।

(२) नगरपालिकाको ऐनमा व्यवस्था भएको अधिकार प्रयोग गरी तोकेको विदासमेत कर्मचारीले पाउने छन्।

५८. विदा अधिकारको कुरा होइनः विदा अधिकारको कुरा होइन सहुलियत मात्र हो ।

परिच्छेद-७

विविध

५९. तलब भत्ता :

(१) कर्मचारीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम हुनेछ ।

(२) नगरपालिकाले कर्मचारीलाई आफ्नो आन्तरिक राजस्वको अवस्था हेरी थप सुविधा दिन सक्ने छ ।

६०. काज खटाउनेः

(१) कुनै कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले काज खटाउन सक्नेछ ।

(२) कुनै कर्मचारीलाई विदेशमा तोकिएको प्रक्रिया पूरा गरी नगर कार्यपालिकाले काजमा खटाउन सक्ने छ ।

(३) कार्यालयको संवदेनशील कार्यहरु सम्पादन गर्नको लागि स्थायी कर्मचारीहरु मात्र खटाइनेछ ।

तर, प्रमुख प्रशासकीय अधिकृतको हकमा भने सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको स्वीकृतीमा मात्र यस्तो काज नगर कार्यपालिकाले खटाउन सक्नेछ ।

६१. तालिम : कर्मचारीको कार्यक्षमता बृद्धि गर्न नगर कार्यपालिकाको कार्यालय आफैले तालिम आयोजना गर्न वा अन्य तालिम दिने संस्थामा पठाउन सक्नेछ ।

६२. राजीनामा : सहायक स्तरका कर्मचारीले आफ्नो पदबाट दिएको राजीनामा प्रमुख प्रशासकीय अधिकृतले र अधिकृत स्तरका कर्मचारीको राजीनामा नगर कार्यपालिकाले स्वीकृत गर्नेछ ।

६३. अनिवार्य अवकाशः संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएकोमा सोही अनुसार र सो बाहेक कर्मचारीलाई ५८ वर्षको उमेर पूरा

भएपछि अनिवार्य अवकाश दिइनेछ ।

६४. कार्यसम्पादन मूल्याङ्कनः कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षण प्रमुख प्रशासकीयतले तोकेको अधिकृत कर्मचारीले गर्नेछ र त्यस्तो सुपरीवेक्षण उपरको पुनरावलोकन प्रमुख प्रशासकीय अधिकृत गर्नेछ ।

६५. चाड पर्वखर्च पाउनेः कर्मचारीले खाई पाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष निजले मान्ने चाड पर्व खर्चको रुपमा पाउनेछ । दशैंको चाड पर्व लागि खर्च निकासा पाउने कर्मचारीको हकमा दशैं विदा भन्दा अघिल्लो महिना भुक्तान भई नसकेता पनि सो महिनाको तलब समेत खर्च लेखिदिनु पर्नेछ ।

६६. कर्मचारीको आचरणः कर्मचारीहरुले देहायको आचरणको पालना गर्नुपर्नेछ :

(क) नगरपालिकाको काममा कुनै प्रकारले असर पर्न सक्ने गरी नगरपालिकाको पूर्व स्वीकृति विना कसैबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्नु दिनु हुदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा नगरपालिकामा सो कुराको सूचना दिई भए बमोजिम निर्णय गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको पूर्व स्वीकृति विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता रिसवतको रुपमा लिन हुँदैन ।

(ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको

जानकारी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) हाल वहाल रहेका कर्मचारीले यो ऐन लागू भएको तीन महिना भित्र तथा नयाँ भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, शेयर, बैंक व्यालेन्सको विवरण, जवाहिरात, सुन, चाँदिको प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) नगरपालिकाको लागि गरिने कुनैपनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा सगोलको परिवारको कुनै सदस्यको नाममा लिनु हुदैन ।

(च) नगरपालिकाको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्नु हुदैन । तर बैंकसँग लेनदेन हुदा यो नियम लागू हुने छैन ।

(छ) कुनै किसिमको फाटका, जुवा, तास वा प्रचलित जुवा ऐन आकर्षित हुने खेल खेल्न हुँदैन ।

(ज) नगरपालिकाको पूर्व स्वीकृति विना कुनै बैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा संचालनको काममा भाग लिन हुँदैन् ।

(झ) नगरपालिकाबाट अख्तियार नपाई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सुचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई सूचना गर्न हुँदैन ।

(ञ) संघीय र प्रदेश सरकार वा नगरपालिकाको काम

कारवाहिमा प्रतिकुल प्रभाव पर्ने गरी पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो टेलिभिजनद्वारा प्रसारण गर्नु हुँदैन । तर, साहित्यिक, वैज्ञानिक तथा प्राज्ञिक ध्येय र प्रकृतिको लेख, रचना आदि प्रकाशन गर्न बाधा पर्ने छैन ।

(ट) नगरपालिकाको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन हुँदैन ।

(ठ) नगरपालिकाबाट निर्धारित समयमा नियमितरुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्छ र निकासा नलिई आफ्नो काममा अनुपस्थित हुन हुँदैन ।

(ड) प्रचलित सूचनाको हकसम्बन्धी ऐनमा लेखिएको पक्षमा गोपनीयता कायम गर्नु पर्नेछ ।

(ढ) नगरपालिकाको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई शिघ्र र परिश्रमका साथ पुरा गर्नु पर्नेछ ।

(ण) कर्मचारीले आफूभन्दा माथिका सबै जनप्रतिनिधि तथा अधिकृत प्रति आदर र अन्यप्रति उचित व्यवहार गर्नु पर्नेछ ।

(त) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृत माथि कु राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुदैन ।

(थ) कुनै कर्मचारीले मुलुकी ऐनको विहावारीको व्यस्था विपरीत हुनेगरी विवाह गर्न गराउन हुँदैन ।

(द) कुनै पनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन । तर, प्रचलित कानून बमोजिम पाएको मताधिकार प्रयोग गर्न यसले बन्देज लगाएको मानिने छैन ।

(ध) प्रचलित कानून बमोजिम दर्ता नभएका संघीय र प्रदेश सरकारद्धारा मान्यता नपाए कर्मचारीहरुको कुनै पनि सङगठनको सदस्य बन्न हुँदैन । तर, आफ्नो पेशागत संस्थाको सदस्य बन्न बाधा पुर्याएको मानिने छैन ।

(न) अधिकृत आठौ स्तरभन्दा माथिका कर्मचारीले कर्मचारीको कुनै पनि सङगठनको सदस्य बन्न हुँदैन।

(प) आफूले बुझाउनु पर्ने जिन्सी नगद कागज जे जति छ सबै म्यादभित्र बुझाइदिनु पर्छ, बुझ्नु पर्नेले पनि म्यादभित्र बुझिलिनु पर्नेछ ।

६७. अवकाश कोषः

(१) कर्मचारीहरु निजको सेवा, शर्त, सुविधा सम्बन्धीनून काबमोजिम अवकाश हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९१ को उपदफा (१) बमोजिम खडा गरिएको अवकाश कोष र सो वारे गरिएको व्यवस्था बमोजिम हुनेछ ।

(२) तत्कालका लागि प्रदेश सरकारबाट स्थानीय तहका कर्मचारीहरुको कानून नबनेसम्म उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट कर्मचारीलाई निवृत्तिभरण भने दिइने छैन ।

६८. उपचार खर्चः

(१) कर्मचारीले सेवा अवधिभरमा अधिकृत स्तरका कर्मचारी भए बाह्र महिना बराबरको र सहायक स्तरको कर्मचारी भए अठार महिना बराबरको खाई पाई आएको तलब रकम उपचार खर्च बापतको रकमको रुपमा पाउनेछ ।

(२) कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च दिइनेछ :

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखिदिएको प्रेस्क्रिप्शन अनुसार औषधि किनेको खर्च,

(ख) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल तथा भर्पाइ वमोजिमको खर्च स्पष्टीकरणः स्वीकृत चिकित्सक भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानूनवमोजि चिकित्सकको रुपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा बैद्य समेतलाई जनाउँछ ।

(ग) प्लाष्टिक सर्जरी वाहेक सवै किसिमको चिरफार (सर्जिकल अप्रेशन) गर्दा लागेको विल बमोजिमको खर्च,

(घ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कंदाको बिरामी कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत

सम्बन्धित कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशतसम्म रकम ।

(३) यस ऐन बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रुपमा लिन कारण चाहेमा सो मुनासिव देखिए यस नियमको अधिनमा रहि पछि हिसाब बुझाउने गरी कार्यालयबाट पेश्की दिन सकिनेछ । त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार वापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टि गरिनेछ । त्यसरी कट्टि गर्नुपर्ने रकम भुक्तानी नहुँदै त्यस्तो कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा कट्टि गर्न बाँकी रहेको रकम स्वतः मिन्हा हुनेछ ।

(४) झुट्टा व्यहोरा पेश गरी यस ऐन बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक(कर्मचारी भएमा) उपर विभागीय कारवाहि हुन सक्नेछ ।

(५) कुनै अस्थायी कर्मचारी बिरामी भएमा औषधि उपचारको लागि निकासा दिँदा वीस वर्षको अवधि सेवाको पूरा अवधि मानी त्यसको अनुपातमा बिरामी हुने अस्थायी कर्मचारीले गरेको सेवा अवधिले यस ऐन बमोजिम उपचार खर्च दिइनेछ । तर, अस्थायी कर्मचारी सेवाबाट अलग हुँदा भने यस ऐन बमोजिम उपचार खर्च पाउने छैन ।

(६) भविष्यमा नगरपालिकाको सेवाको निमित्त सामान्यतयाः अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा

बाहेक अरु जुनसुकै व्यहोराबाट कुनै कर्मचारी सेवाबाट अलग हुँदा ऐन बमोजिम यससेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केहि लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्त रकम एकमुष्ट लिन पाउनेछ ।

(७) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिदा यस ऐनमा तोकिएको रकमलाई दश वर्ष सेवा गरे वापत पाउने रकम मानि दामासाहिले हुन आउने रकम मात्र दिइनेछ ।

(८) यस ऐन बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी विदा बाँकी भएसम्म विदा नै माग गर्नुपर्नेछ । बिरामी विदा बाँकी नभएमा मात्र अन्य विदा माग गर्न सक्नेछ ।

(९) यस ऐन बमोजिम अस्पतालमा भर्ना भई वा विदेशमा गई उपचार गराइएकोमा बाहेक कुनै कर्मचारीलाई उपदफा (१) को अधिनमा रहि एक वर्षमा निजले खाई पाई आएको डेढ महिनाको तलब बराब रकमसम्म उपचार खर्च दिन सकिनेछ ।

(१०) यस ऐन बमोजिम कुनै कर्मचारीलाई लागेको रोग स्थानीय अस्पतालबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा नगर कार्यपालिकाको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको कुनै सुबिधायुक्त अस्पतालमा छिटो साधनद्वारा लैजादा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च कार्यालयले व्यहोर्नेछ ।

६९. थप आर्थिक सहायताः नगरपालिकाको कामको सिलसिलामा चोट पटक लाग्न गई कुनै कर्मचारीको उपचार गर्नुपरेमा सम्बन्धित जिल्ला अस्पतालको सिफारिसमा नेपालभरमा औषधिव उपचार हुन नसक्ने भनि नेपाल सरकारद्वारा गठित मेडिकल बोर्ड वा सरकारी अस्पतालबाट सिफारिस गरेको आधारमा कर्मचारीले बिदेशमा गई उपचार गराउनु परेमा नगरपालिकाको उचित ठहराएको रकम थप आर्थिक सहायता दिन सक्नेछ ।

७०. उपदान : पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको नगरपालिकाको स्थायी कर्मचारीले अवकाश पाएमा वा राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा वा अवकास दिइएमा देहायको दरले उपदान पाउनेछ :

(क) पाँच वर्षदेखि दश बर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको खाईपाई आएको आधा महिनाको तलब बराबरको रकम,

(ख) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको खाईपाई आएको एक महिनाको तलब बराबरको रकम,

(ग) पन्ध्र वर्षदेखि वीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको खाईपाई आएको डेढ महिनाको तलब बराबरको रकम,

(घ) वीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको खाईपाई आएको दुई महिनाको तलब बराबरको रकम,

(ङ) पच्चीस वर्षभन्दा बढी सेवा गरेका कर्मचारीले आफूले

काम गरेको प्रत्येक वर्षको खाईपाई आएको अढाई महिनाको तलब बराबरको रकम,

७१. नगरपालिकामा काजमा कर्मचारी खटाउने वारेः

(१) संघीय तथा प्रदेश सरकारले ऐनको दफा ८९ बमोजिम नगरपालिकामा कर्मचारी काजमा खटाउन सक्नेछ ।

(२) यसरी खटिई आउने कर्मचारीको सेवा, शर्त र सुबिधा संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम खटिई आएका कर्मचारीलाई यस ऐनको दफा २७ को खण्ड (क) को (१) र (२) बाहेकको सामान्य सजाय बाहेकको अन्य सजाय गर्नुपर्ने अवस्था उत्पन्न भए प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित प्रदेश वा संघीय मन्त्रालय वा विभागमा सिफारिस गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम खटिई आएका कर्मचारीलाई नगरपालिकाका कर्मचारी सरह थप सुविधा दिन सक्नेछ ।

७२. करार सेवा वा सेवा करारमा कर्मचारी नियुक्ति गर्ने प्रक्रिया :

(१) सेवा करारमा आवश्यक कर्मचारी नियुक्त गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सरकारी कार्यालयको अधिकृतस्तरको कर्मचारी (विषय विज्ञ) - सदस्य

(ग) ;नगर कार्यपालिका कार्यालयको प्रशासन शाखा प्रमुख - सचिव

(२) उपदफा (१) बमोजिम गठित उप समितिले आफ्नो

सञ्चालन कार्यविधि आफै निर्धारण गरी कार्य गर्नेछ ।

(३) मासिक दश हजारसम्म पारिश्रमिक पाउने काममा अधिकारप्राप्त अधिकारीबाट सिधै वार्ताबाट सेवा करार गरी काममा लगाउन सक्नेछ ।

७३. सल्लाहकार नियुक्त गर्नेः

(१) नगरपालिकालाई न्यायिक काम र न्यायिक समितिलाई आवश्यक कानूनी सल्लाह लगायत नगरापालिकाको आर्थिक विकासमा योगदान दिनलाई नगरपालिकाको सम्बन्धित क्षेत्रका योग्य नेपाली नागरिकलाई बढीमा तीन जनासम्म सल्लाहकारहरु प्रमुखको निर्देशनमा सेवा करारमा नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको सल्लाहकारहरुको सेवा, शर्त र सुविधा आपसि सहमतिबाट निर्धारण गरेको करार बमोजिम हुनेछ । यस्तो सुविधा नगरपालिकाको अधिकृत तहको भन्दा बढी हुने छैन ।

(३) उपदफा (१) बमोजिम नियुक्त सल्लाहकारको पदावधि प्रमुखले निर्धारण गरे बमोजिम हुने छ । तर, यसरी नियुक्त सल्लाहकारको पदावधि एक पटकमा ६ महिनाभन्दा बढी हुने छैन।

(४) उपदफा (३) बमोजिम निर्धारण गरेको पदावधिमा सल्लाहकारको काम सन्तोषजनक नलागेमा प्रमुखको निर्देशनमा जुनसुकै समयमा निजलाई पदमुक्त गरी अर्को व्यक्तिलाई नियुक्तिको लागि निर्देशन गरे अनुसार हुनेछ।

७४. विशेष व्यवस्थाः

(१) नगरपालिकाका कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्वन्धि काम कारबाहीहरु यसै ऐनबाट व्यवस्थापन र समायोजन हुने गरी विशेष व्यवस्था गरिएको छ ।

(२) यो ऐन मेचीनगर नगरपालिकाको कर्मचारीहरुको हकमा मात्र लागू रहनेछ ।

७५. खारेज तथा बचाऊ :

(१) मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित ऐन बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

खेमराज ओझा

प्रमुख प्रशासकीय अधिकृत